बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।

खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा बिक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा
रकम जम्मा गर्दै हुनुहुन्छ?
हो भने,
त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नविर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ । । अङ्क : १४८ ॥ २०७९ असार २० गते सोमबार (4thJul 2022 Monday) **Pratidin** National Daily dN'o-?÷%÷-

## बोराभित्रको शव भारतीय नागरिकको
# सुपारी दिएर हत्या गर्ने ३ पक्राउ

***झापा (प्रस) ।*** झापाको अर्जुनधारा नगरपालिका- ४ स्थित जुकेखाडी-साहसी टोल भित्री कच्ची सडकखण्डको ह्युम पाइपभित्र बोरामा पोको पारेर फ्याँकिएको पुरुषको शव भारतीय नागरिक ४० वर्षीय जपडिया नरेश कुमार बाबु भाइको रहेको खुलेको छ ।

भारत गुजरात राज्य अहमदाबाद, कुवेरनगर निवासी जपडिया नरेशलाई फलामको मार्तोलले हिर्काएर हत्या गरेको आरोपमा झापा प्रहरीले एक महिलासहित तीन जनालाई पक्राउ गरेको छ । घटनामा संलग्न एक जना फरार रहेका छन् । उनको खोजी कार्य भइरहेको छ ।

पक्राउ पर्नेहरूमा अर्जुनधारा नगरपालिका- ७ स्थित डाँडागाउँ निवासी ३२ वर्षीया जानुकादेवी थापा, सोही ठाउँका ४९ वर्षीय विजय भन्ने बृखबहादुर थापा र सुनसरी जिल्ला बराहक्षेत्र नगरपालिका १० निवासी २५ वर्षीय सुरेश परियार रहेको जिल्ला प्रहरी कार्यालय झापाका एसपी विश्वमणि पोखरेलले जानकारी दिए । जानुका र बृख नातामा श्रीमान्-श्रीमती हुन् ।

आरोपी तीनै जनालाई आइतबार दिउँसो इलाका प्रहरी कार्यालय अनारमनीमा पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको छ ।

जपडिया नरेशको हत्या योजनाबद्ध तरिकाले गरिएको बताउँदै एसपी पोखरेलले भने, 'पाँच लाखको सुपारी लिएर बराहक्षेत्रका परियार र अर्का एक व्यक्तिले हत्या गरेको अनुसन्धानले देखाएको छ ।' जानुकाले सुपारी लिएका परियारलाई हत्या गर्नुअघि २५ हजार दिएको र पछि फेरि १ लाख ७५ हजार गरी दुई लाख दिएका थिए । त्यस्तै अर्का व्यक्तिलाई एक लाख दिएको र बाँकी रकम दुई लाख रुपैयाँ तिर्न बाँकी देखिएको एसपी पोखरेलले बताए ।

प्रहरीले घटनास्थलबाट एउटा मोटरसाइकल, मार्तोल, फरुवा, खुकुरी, २ थान तन्ना, डोरी, झोला, ३ थान मोबाइल र २ वटा खाली बोतल फेला पारेको थियो । उनीहरुविरुद्ध झापा जिल्ला अदालत भद्रपुरबाट कर्तव्य ज्यान मुद्दामा म्याद थप गरी अनुसन्धान अघि बढाएको पोखरेलले बताए ।

गुजरात घर भएका मृतक जपडिया नरेशसँग जानुका थापाको चिनजान भारतमै भएको थियो । २०७६ साल मङ्सिर महिनातिर जानुका कामको सिलसिलामा भारतको दिल्ली गएकी थिइन् । त्यसपछि उनी गुजरात भन्ने सहरमा गई त्यहाँ डेढ महिना बस्ने क्रममा मृतक जपडिया



नरेशसँग भेटघाट तथा चिनजान भएको थियो । चिनजान यतिसम्म गहिरो भयो कि जानुका २०७६ सालको फाल्गुण अन्तिम सातातिर नेपाल फर्किदा जपडिया नरेश पनि सँगै आए । जानुकालाई छाडन नरेश भारतको पानीट् याङकी नाकासम्म आएका थिए । २०७६ साल चैतमा नरेशले जानुकाकी छोराछोरीहरूका लागि खेलौना तथा लत्ताकपडाहरू भारतीय गाडीमा नेपाल पठाएका थिए । मृतक नरेश पटक-पटक मोरङको विराटनगर आउने गरेको भन्ने जानुकाले प्रहरीलाई बयान दिएकी छिन् । नरेशले जानुकालाई घर निर्माणको लागि ५ लाख रुपैयाँ पनि दिएको अनुसन्धानबाट खुलेको एसपी पोखरेलले बताए ।

मोरङको विराटनगर नाकाबाट नेपाल आएका नरेशलाई २०७९ सालको बैशाख ४ गते इलाका प्रहरी कार्यालय रानी विराटनगरले अवैध भारतीय रुपैयाँ ५९ हजारसहित पक्राउ गरेको थियो । पक्राउ परेका उनी आन्तरिक राजश्व कार्यालयबाट धरौटी रकम बुझाएर तारेखमा छुटेका थिए । २०७९ साल जेठमा नरेश सोही मुद्दाको तारिखको लागि जानुकाको घर आएर तीन बसेका थिए । त्यहाँ बस्ने क्रममा नरेशले जानुकाका श्रीमानको अगाडि दुर्व्यवहार गरेका थिए ।

नरेशले दुर्व्यवहार गरेपछि जानुका र उनका श्रीमान् बृखले नरेशको हत्या गर्ने योजना बनाउन सुरु गरेको एसपी पोखरेलले बताए । त्यसपछि फेरि नरेश २०७९ असार ७ गते जानुकाको घरमा आएर बसे । त्यही मौका छोपी हत्याको सुपारी लिएका परियारलाई जानुकाले असार ८ गते घरमा बोलाए । अर्को व्यक्ति असार ९ गते जानुकाको घर पुगे । आफ्नो हत्या गर्ने योजना भइरहेको छ भनेर नरेशले सुइँको समेत पाएनन् । असार ९ गते बिहान मुद्दाको तारिखका लागि नरेश इटहरीतर्फ लागे । सोही दिन दिउँसो २:३० बजे पुनः नरेश जानुकाको घर फर्किएर आए ।

हत्याको योजना मुताबिक साँझ परेपश्चात् मृतक नरेश, सुरेश परियार र अर्का एक जनासँगै बसेर मादक पदार्थ सेवन गर्न सुरु गरे । राति साढे १० बजेको समयमा भुइतलाको उत्तर तर्फको कोठाको ढोकामा उभिरहेका नरेशमाथि परियारले पछाडिबाट घाँटीमा मुड्कीले प्रहार गरे । नरेश भुईँमा लडेपछि परियारले मृतकको मुख थुनिदिई अर्का व्यक्तिले कोठामा रहेको फलामको मार्तोलले निधारलगायत शरीरको विभिन्न भागमा प्रहार गरे । फलामको मार्तोलको प्रहारले उनको घटनास्थलमै मृत्यु भइसकेको एसपी पोखरेलले बताए । 'त्यसपछि उनीहरूले नरेशको शवलाई लुकाउन र घटनालाई ढाकछोप गर्ने योजना बनाउन सुरु गरे,' एसपी पोखरेलले भने, 'शवलाई बोराभित्र प्याक गरी बृखले चलाउने प्रदेश १-०१-०१२ प ८१५० नम्बरको रातो रङ्गको एफजेट मोटरसाइकलमा हालेर परियार र अर्को व्यक्तिले लगे, उनीहरूले शव हालेको बोरा ह्युम पाइपभित्र फालेर हिंडे ।'

# बिर्तामोडका माछा पोखरीहरुको अनुगमन



***बिर्तामोड (प्रस) ।*** बिर्तामोड नगरपालिकाले माछा फार्महरुको अनुगमन गरेको छ । नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाको संयोजकत्वमा रहेको टोलीले आइतबार नगरका विभिन्न वडामा रहेका फार्महरुको अनुगमन गरेको हो ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत सशर्त अनुदानमार्फत चालु आर्थिक वर्ष २०७८/०७९ मा आएको बजेटबाट नगरपालिकाले कृषकहरुलाई क्षेत्र विस्तार,पोखरी मर्मत र यान्त्रिकरणको लागि लागत साझेदारीमा माछा पकेट कार्यक्रम सञ्चालन गरेको छ। जसमा क्षेत्र विस्तारका लागि प्रतिकठ्ठा दश हजार रुपैयाँ,पोखरी मर्मतका लागि प्रतिकठ्ठा तीन हजार तीन सय,यान्त्रिकरणका लागि लागत साझेदारीमा ५० प्रतिशत र सिँचाईमा ७५ प्रतिशत अनुदानको व्यवस्था गरेको नगरको कृषि पशुपंछी तथा मत्स्य विकास शाखाले जनाएको छ । यान्त्रिकरणमा जाल,समरसेबल,डिजिटल तराजु,भुरा खरिद आदि रहेका छन् ।

आइतबार अनुगमन गरिएका फार्महरुमा शुभलक्ष्मी कृषि फार्म बिर्तामोड २, स्टार अर्गानिक कृषि फार्म बिर्तामोड ७, कलामाया कृषि फार्म बिर्तामोड ७, माँ लक्ष्मी कृषि फार्म बिर्तामोड ७ र केशव कृषि फार्म बिर्तामोड १० रहेका छन् । नगरपालिकाले क्षेत्र विस्तार,पोखरी मर्मत र यान्त्रिकरणको लागि आवेदन भर्ने कम्तिमा ६ कठ्ठाभन्दा बढी क्षेत्रफलमा व्यावसायिक माछा उत्पादन गर्दै आएका फार्महरुलाई अनुदान उपलव्ध गराएको हो ।

माछापालनमा कुनै पनि समस्या नरहेकोले आफूहरु सन्तुष्ट रहेको माछापालक कृषकहरुको भनाई छ। अधिकांश कृषकहरुले पोखरीमा कमन कार्प र पंगास माछा उत्पादन गर्दै आएको पाइएको छ ।

अनुगमन गर्ने टोलीमा नगर उपप्रमुख संग्रौला,वडा नम्बर ३ का वडाध्यक्ष मदन बुढाथोकी, शिक्षा शाखा प्रुमख तिलचन भण्डारी,पशुपंछी तथा मत्स्य विकास शाखा प्रमुख सावित्रा दाहाल, पशु अस्पताल तथा विज्ञ केन्द्र भद्रपुरकी मत्स्य प्राविधिक केदारकुमारी अधिकारी,पशु प्राविधिक निमेश थापा,सव इन्जिनियर भोगेन्द्र थापा मगर रहेका थिए ।

# पानीमा डुबेर एकजनाको मृत्यु

***झापा (प्रस) ।*** सुनसरीको रामधुनी नगरपालिका-३ सिंघियामा नहरको पानीमा डुवेर एकजनाको मृत्यु भएको छ ।

आइतबार दिउँसो पौने १२ बजे स्थानीय ५० बर्षीय महमत मियाँ नहरमा हात खुट्टा धुने क्रममा लडी पानीमा डुवेका थिए । उनलाई पानीमा डुवेको अवस्थामा स्थानीयले उद्धार गरी उपचारको लागि जिल्ला अस्पताल ईनरुवा लगेकोमा अस्पताल पुर्याउनासाथ उनको मृत्यु भएको हो । घटना सम्बन्धमा ईलाका प्रहरी कार्यालय पकलीबाट थप अनुसन्धान भईरहेको छ ।



# कचनकवल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, बनियानी झापाको
## आन्तरिक ठेक्का बन्दबस्ती सम्बन्धी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशन मिति :२०७९।०३।१७

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को २ घ, ५९,६१,६२ र यस गाउँ कार्यपालिकाको मिति २०७९।०३।०९ गतेको निर्णयानुसार गाउँपालिकाले उठाउन पाउने देहाय वमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क आगामी आ.व. ०८४/०८५ को अषाढ मसान्तसम्मका लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति फर्म वा कम्पनिले तोकिएको निम्न शर्तहरुको अधिनमा रहि तपसिलमा उल्लेखित समय, मिति र स्थानमा छुट्टाछुट्टै गोप्य शिलवन्दी दरभाउपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्वन्धीत सवैलाई जानकारीको लागि अनुरोध छ।

तपशिल:-

| ठेक्का नं. | विवरण | न्यूनतम ठेक्का अंक रु. (वार्षिक मु.अ.क. वाहेक) | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र फारम खरिद अन्तिम मिति | दरभाउपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| ३ | माछा पोखरी (केचना) | ६००,०००।- | १,०००।- | २०७९।०३।३१ गते कार्यालय समय सम्म | २०७९।०३।३२ गते दिनको १२:०० वजे सम्म | २०७९।०३।३२ गते दिनको २:०० बजे देखि |

शर्तहरु:-

१. ईच्छुक दरभाउपत्र दाताले नागरिकताको प्रमाणपत्र, पा.नं. दर्ता प्रमाणपत्र र गत आ.व. को करचुक्ता प्रमाणपत्र पेश गरि कार्यालयबाट वोल पत्र/शिलवन्दी दरभाउपत्र फारम खरिद गर्नुपर्नेछ।

२. दरभाउपत्र फारममा उल्लेखित कवोल ठेक्का अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको NIC ASIA BANKकचनकवल शाखाको धरौटी खाता नं. 67CA051019752404 मा नगदै जम्मा गरेको सक्कलै भौचर दरभाउपत्रका साथ संलग्न राखि पेश गर्नुपर्नेछ। बैंक ग्यारेन्टीलाई मान्यता दिइने छैन। धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै समावेश गर्नुपर्नेछ।

३. ईच्छुक व्यक्ति फर्म वा कम्पनिले दरभाउपत्र फारम खरिद गर्दा अध्यावधिक फर्म नविकरणको प्रतिलिपी, मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपी साथै लिखित निवेदन दिई तोकिएको समय भित्र खरिद गर्न सकिनेछ।

४. दरभाउपत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरि उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा लेखेको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

५. ठेक्का सम्वन्धमा कुनै किसीमको विवाद भए गाउँपालिकाको निर्णय नै अन्तिम हुनेछ।

६. गाउँपालिकालाई रकम वुझाउनुपर्ने वाँकी वक्यौता भएमा त्यस्तो रकम नवुझाएसम्म दरभाउपत्र खरिद गर्न पाइने छैन।

७. ठेक्का अवधी वि.स. २०८५ सालको अषाढ मासन्तसम्मको रहनेछ।

८. ठेक्का स्वीकृति गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

९. शर्त राखि पेश गरेको, रित नपुगेको र म्याद नाघि आएको शिलवन्दी दरभाउपत्र प्रति कार्वाही हुने छैन।

१०. एउटा व्यक्ति वा फर्मलाई एउटा ठेक्काको लागि एउटा मात्र फर्म खरिद गर्न दिइनेछ। जसको नाममा फारम खरिद गरिएको हो सोही व्यक्ति वा आधिकारीक प्रतिनिधी स्वयं उपस्थित भई पेश गर्नुपर्नेछ।

११. दरभाउपत्र फारम खरिद, दाखिला र खोलिने अन्तीम मितिमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट खोलिनेछ।

१२. अन्य शर्तहरु:-

- माछा पोखरी भन्नाले :- कचनकवल गाँउपालिका वडा नं. ४ केचना वजारको १० विगाहा २ कठा ९ धुर क्षेत्रफल भएको ७ वटा पोखरीहरु ।
- ठेकदारले वार्पिक ठेक्कको कवोल रकम अग्रीम एकमुष्ठ वुझाउनु पर्नेछ।
- ठेकदारले कवोल गरेको रकम प्रत्येक वर्षको असोज मसान्तसम्म वुझाउनु पर्नेछ।



# एक्सेल डेभलपमेन्ट बैंक लि.
## Excel Development Bank Ltd.

... तपाईंको स्थानीय साझेदार (Your Local Partner)

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा

फोन नं ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np

## तपशिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पती लिलाम बिक्री गर्ने (सात) ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना ।

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्वारा कर्जा चुक्ता गर्न आउने ३५ दिन सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ७ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **७ औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । बोलपत्र फारम रु.१००।०० तिरी यस बैंकको **मुख्य कार्यालय, बिर्तामोड, झापा र शाखा कार्यालयहरुबाट** कार्यालय समयभित्र प्राप्त गर्न सकिने छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको ८ औं दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **मुख्य कार्यालय, बिर्तामोडमा** खोलिने हुदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम्कदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् व्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बांकी रहेको रकम ऋणी तथा कर्जा लिंदाका बखत व्यक्तिगत जमानी दिने व्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेकोवा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानूनबमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनूकूलतामा आफैंले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ । बोलपत्र सम्वन्धि अन्य शर्तहरु सम्बन्धमा यस बैंकको वेवसाइट www.edb.com.np मा राखिएको यसै सूचनाको पूर्णपाठबाट वा यस बैंकको नजिकको शाखामा सम्पर्क गरी जानकारी लिनुहुन अनुरोध गरिन्छ ।

तपसिल (प्रकाशित मिति: वि.सं.२०७९/०३/१९)

| क्र.सं. | ऋणी र व्यक्तिगतजमानतकर्ताको नाम थर तथा तिनपुस्ते विवरण | कर्जा शिर्षक | ऋणी/ ऋणीफर्मको प्रोप्राइटर/साझेदार/संचालक एवं जमानतकर्ताको फोटो | धितो सुरक्षणको विवरण |
|---|---|---|---|---|
| १. | **ऋणी** :प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग अन्तर्गत भद्रपूर झापामा मिति मिति **२०७६/०८/०९** मा दर्ता नम्बर **४००/१२५१४** अन्तर्गत दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला, विर्तामोड न.पा., वडा नं.४भई हाल झापा जिल्ला शिवसताक्षी न.पा., वडा नं. ११, दुधे स्थीत **अमृता ट्रेडर्स** । **व्यक्तिगत जमानी/धितोजमानीकर्ता :** **नाम :अमृता निधि** बाबु :राम कुमार निधि पति :मुकेश कुमार चौधरी ना.प्र.नं :-०५३०७८/२२ ठेगाना :मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा नं १३, स्थायी ठेगाना भै हाल झापा जिल्ला शिवसताक्षी न.पा ०६ । **व्यक्तिगत जमानी/धितोजमानीकर्ता :** **नाम :मुकेश कुमार चौधरी** बाबु :शशीकान्त चौधरी बाजे :राम नारायण चौधरी ना.प्र.नं :-८५२४३०५८ ठेगाना :झापा जिल्ला, शिवगंज गा.वि.स वडा नं ०१, स्थायी ठेगाना भै हाल झापा जिल्ला शिवसताक्षी न.पा. ०६ । | **चालु पुंजी कर्जा** |  अमृता निधि  मुकेश कुमार चौधरी | श्री मुकेश कुमार चौधरी को नाममा मा.पो.का. दमक झापामा, दर्ता कायम रहेको झापा जिल्ला शिवगंज गा.वि.स. वडा नं. १, स्थित कि.नं. १७४ (एक सय चौहत्तर) को क्षेत्रफल ०-२-० (वि.क.धु) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |


# नि:शुल्क स्वास्थ्य शिविर



*दमक (प्रस)* । दमकमा महिलाहरुको आङ खस्ने तथा पाठेघरको मुखको क्यान्सर परीक्षण, प्रसब फिष्टुला, स्तन क्यान्सर परीक्षणसम्बन्धी एकदिने नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ। वडा नम्बर ३ स्थित सहरी स्वास्थ्य केन्द्रमा भएको स्वास्थ्य शिविरमा १४० जना महिलाको स्वास्थ्य परीक्षण गरिएको नगरपालिका स्वास्थ्य शाखाका सिनियर अहेब देविका न्यौपानेले जानकारी दिइन् । दमक नगरपालिकाको आयोजनामा भएको कार्यक्रममा स्वास्थ्य तालिम केन्द्र प्रदेश नम्बर १ र सुनसरीको धरानस्थित बिपी कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठानको प्राविधिक सहयोग रहेको थियो ।

शिविरमा परीक्षण गरेकामध्ये २ जना महिलामा पाठेघरको मुखको क्यान्सर, १० जनामा पाठेघर खसेको र ४ जनामा प्रसब फिस्टुला देखिएको सिनियर अहेब न्यौपानेले बताइन् । क्यान्सर पोजेटिभ देखिएका र प्रसब फिष्टुला देखिएका महिलालाई थप उपचारको लागि बिपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको छ । त्यसैगरी पाठेघर खसेका महिलाको उपचार सुरु गरिएको र अन्य बिरामीहरुलाई पनि औषधि समेत निशुल्क वितरण गरिएको थियो ।

दमक वडा नम्बर ३ का वडा अध्यक्ष नविन बरालको अध्यक्षतामा भएको स्वास्थ्य शिविर उद्घाटन कार्यक्रमका प्रमुख अतिथि उपप्रमुख रेगिना भट्टराईले सुरक्षित प्रसुतीका लागि अझै पनि जनचेतनाको अभाव रहेको बताइन् । स्वास्थ्य संस्थामा गएर प्रसुती गराए बिभिन्न जोखिमहरु कम हुने भए पनि तल्लो समुदायका महिलाहरु अझै पनि स्वास्थ्य संस्थामा पुग्न नसकिरहेको बताइन् । बाटो र निर्माण मात्रै विकास नभएको भन्दै नागरिकको स्वास्थ्यलाई पहिलो प्राथमिकता दिएर नगरपालिकाले कार्यक्रम गर्ने बताइन् । कार्यक्रममा सुत्केरी भएका बेला उचित हेरचाह र उपचार नहुँदा महिलामा पाठेघरको मुखको क्यान्सर, पिसाब नरोकिनेजस्ता समस्या देखिने प्रतिष्ठानका प्रा.डा. मोहनचन्द्र रेग्मीले बताए ।

# दमकमा कौसी खेती तालिम



*दमक (प्रस)* । दमक नगरपालिकामा आइतबारबाट तीनदिने कौसी खेती तालिम सुरु भएको छ । नगरपालिकाको कौसी खेती तथा हरियाली प्रबर्द्धन कार्यक्रमअन्तर्गत नगरका बिभिन्न टोलका सहभागीहरुलाई तालिम दिन थालिएको हो । नगरपालिकाको वातावरण समिति संयोजक तथा वडा नम्बर ६ का वडा अध्यक्ष टेकबहादुर थापाको अध्यक्षतामा भएको तालिम उद्घाटन कार्यक्रमका वक्ताहरुले सानो ठाउँमै पनि मेहनत गरेर खेती गरे बजारमा तरकारी किन्न नपर्ने बताए ।

उद्घाटन कार्यक्रमका प्रमुख अतिथि नगर प्रमुख राम थापाले अहिले शहरी क्षेत्रमा जग्गा थोरै हुने भए पनि व्यवस्थित तरिकाले कौसीमै खेती गर्दा पनि एउटा परिवारको लागि मनग्य तरकारी उत्पादन गर्न सकिने बताए । कार्यक्रममा उपप्रमुख रेगिना भट्टराईले कौसी खेतीमा थोरै मेहनत गर्दा खर्च पनि कम हुने र आफैंले उत्पादन गरेको तरकारी बिषादीरहित हुने भएकाले स्वास्थ्यलाई पनि फाईदा पुग्ने बताइन् । घरमै उत्पादन हुने फोहोरलाई पनि मलको रुपमा प्रयोग गर्न सकिने भएकाले कौसी खेतीले वातावरण समेत स्वच्छ बन्ने उनको भनाई छ ।

तालिममा रामकुमार राईले सहजीकरण गरिरहेका छन् । सहभागीलाई घरमै उत्पादन भएको फोहोरबाट मल बनाउने र बिषादि तयार गर्ने उपकरणहरु पनि प्रदान गरिने नगरपालिकाको वातावरण शाखा प्रमुख ज्ञानेन्द्र चौधरीले जानकारी दिए ।

# अपाङ्गता भएका व्यक्तिलाई सिलाई मेशिन




*बिर्तामोड (प्रस)* । बिर्तामोड नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरुलाई आत्मनिर्भर बन्नका लागि सिलाई मेशिन वितरण गरेको छ । नगरपालिकाको कार्यालयमा आइतबार एक संक्षिप्त कार्यक्रमको आयोजना गर्दै १० जना शारीरिक अपाङ्गता भएकाहरुलाई सिलाई मेशिन वितरण गरिएको हो । उनीहरुलाई नगरप्रमुख पवित्रा महतारा प्रसाईले मेशिन हस्तान्तरण गरिन् । सिलाई मेशिन प्राप्त गर्नेहरुमा सविता राजवंशी,दिपिका निरौला, सुष्मा अधिकार ी,रञ्जु खतिवडा, यमुना गुरागाई,गायत्री उप्रेती, टुटुली राजवंशी, अंकिता अधिकारी, शोभा बुढाथोकी र गीता मगर रहेका छन् ।

नगरप्रमुख पवित्रा महतारा प्रसाईले नगरपालिकाले स्वरोजगार बनाउनका लागि सिलाई मेशिन प्रदान गरेको बताइन् । उनले आगामी दिनमा आफ्नो सीपलाई प्रयोग गरी आत्मनिर्भर बन्न मेशिन प्राप्त गर्ने सबैलाई आग्रह गरिन् ।

मेशिन वितरण कार्यक्रममा नगरप्रमुख प्रसाई,शिक्षा शाखा प्रमुख तिलचन भण्डारी,अधिकृत मेघराज बाँस्तोलालगायतको उपस्थिति रहेको थियो । अपाङ्गता भएका व्यक्तिहरुलाई नगरपालिकाले गत चैत्र २९ गतेदेखि १ महिनासम्म प्याड तथा पेन्टी निर्माणको तालिम प्रदान गरेको थियो ।


## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
## १ नं. प्रदेशको
## १५ दिने सूचना

सधियार पूर्वः श्री निरु बानियाँ कार्की, उत्तरः श्री चन्द्रमणी तिम्सिनाको नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री धनमाया कार्कीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-१ | १ | १९,०४५ | २४१.२५ | २०७८/०९/२५ | २०७८/०९/२५ | २०७९/०३/१६ |



## बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।


# प्रदेश १ को बजेट बहुमतले पारित




*झापा (प्रस)* । प्रदेश १ सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको विनियोजन विधेयक (बजेट) बहुमतले पारित भएको छ । प्रदेशसभाको आइतबार बसेको बैठकले उक्त विधेयक पारित भएको हो । प्रदेश १ सरकारले आगामी आर्थिक ३९ अर्ब ७३ करोड ८३ लाखको अनुमानित बजेट संसदमा प्रस्तुत गरेको थियो । बजेटमा सडक, पूर्वाधार तथा सहरी विकासका लागि १२ अर्ब ४१ करोड ४२ लाख बजेट विनियोजन गरेको छ भने कृषिलाई प्राथमिकतामा राखिएको छ । यसअघि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको तर्फबाट सांसद तुलसीप्रसाद न्यौपानेले १ सय रुपैयाँ खर्च कटौतीको प्रस्ताव सदनमा पेश गरेका थिए । सांसद न्यौपानेले राखेको प्रस्ताव अस्वीकृत गर्दै आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बोले राखेको विनियोजन विधेयक पारित गरियोस् भन्ने प्रस्ताव बहुमतले नै पारित भएको हो ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### विचल्लीमा नपार

बिर्तामोडमा फोहोरमैलाको काम गर्ने २० जना कर्मचारी कामबाट निकालिएका छन् । नगरपालिकाको फोहोरमैलाको व्यवस्थापन गर्ने जिम्मा पाएको निराकर सरसफाई सेवा प्रालिले कामबाट निकालेपछि ती सरसफाई कर्मचारीको रोजीरोटी गुमेको छ । विगत लामो समयदेखि बिर्तामोड नगरपालिकाको फोहोरमैला उठाउने काम गरिरहेका अजय मल्लिक डुम,शत्रुधन डुम, दिलिप डुम , इन्द्र डुम, सुरेन्द्र डुम , प्रकाश डुम , विमल डुमलगायतको रोजीरोटी गुमेको हो । आफूहरुलाई पालैपालो खाईपाई आएको कामबाट निकालिएको दिलिप डुमले बताए । अहिले फोहोर उठाउने काममा मल्लिक जातिको कसैलाई पनि नराखेको उनले गुनासो गरे । आफूहरुको ठाउँमा दुर्गापुर , खुदुनाबारीलगायतका ठाउँबाट झिकाएर कर्मचारी राखेको उनले बताए । अनारमनी गाविस हुँदादेखि नै फोहोरमैलाको काम गर्दै आएका विरेन्द्र मल्लिक पनि कामबाट निकालिएका छन् । छँदाखाँदाको कामबाट निकालिएपछि मल्लिक जातिका सरसफाई कर्मचारीहरु आन्दोलित भएका छन् । उनीहरुले शुक्रबार बिर्तामोड नगरपालिकाका नगरप्रमुख पवित्रा महतारा प्रसाईलाई ज्ञापनपत्र बुझाएका छन् । उनीहरुले जतिसक्दो खोसिएको रोजीरोटी पुनः फिर्ता गरियोस् भन्दै काम गर्ने अवसर प्रदान गरिदिन आग्रह गरेका छन् । उनीहरुले बुझाएको ज्ञापनपत्रमा भनिएको छ 'प्रस्तुत विषयमा हामी निवेदक विगत लामो समयदेखि विर्तामोड नगरपालिकाको फोहोरमैला उठाउने काम गरिरहेका थियौं । हामीले काम गरिरहँदा काम गरेबापत पाएको पारिश्रमिकले हाम्रो परिवारलाई पाल्न केही मात्रामा राहत भईनै रहेको थियो तर, बिर्तामोड नगरपालिकाबाट फोहोरमैला व्यवस्थापन गर्न निराकर सरसफाई सेवा प्रा. लि. लाई दिएपश्चात् यस कम्पनीले हामीलाई विभिन्न बहाना बनाई तथा आरोप लगाई निष्काशन गरेकोले हामी मर्माहित भएका छौ । प्रमुखज्यू हाम्रो बिर्तामोडमा काम गर्ने हामी बिर्तामोडवासीले पाउनुपर्छ । त्यसकारण जतिसक्दो हाम्रो खोसिएको रोजीरोटी पुनः फिर्ता गरियोस् भन्दै काम गर्ने अवसर प्रदान गरिदिनुहुन सादर अनुरोध गर्दछौ ।' बिर्तामोड नगरपालिकाको फोहोरमैला व्यवस्थापन गर्ने जिम्मेवारी निराकर कम्पनीलाई दिंदा काम गर्दै आएका सरसफाई कर्मचारीलाई यथावत राख्ने संझौता भएको थियो । नगरपालिकाले परिचयपत्र दिएर ती कर्मचारीहरुलाई काममा लगाएको थियो । यसरी वर्षौंदेखि सेवारत ती कर्मचारीहरुलाई एक्कासी निकाल्नु न्यायोचित हुँदैन । नगरपालिकाले उनीहरुको समस्या सुनुवाई गरिदिनु पर्छ । उनीहरुलाई यतिकै विचल्लीमा पार्नु हुन्न ।




तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# राजनीतिमा उदाएको ' स्वतन्त्र ' अवतार



• मुमाराम खनाल

हालै सम्पन्न स्थानीय तह निर्वाचनमा काठमाडौँ महानगरपालिकालगायत केही उपमहानगर , नगर र गाउँपालिकामा स्वतन्त्र उम्मेदवारले विजय हासिल गरे । दलीय व्यवस्थाको कसिलो संरचनाले नेपाली समाजलाई नै राजनीतीकरण गरेको परिवेशमा सीमित स्वतन्त्र उम्मेदवारको विजय यात्रालाई बुझ्ने र व्याख्या गर्ने विषयमा गैरराजनीतिक जगत् बढी उत्साही भइरहेको छ भने परम्परागत राजनीतिक शक्ति भने केही हतप्रभ देखिएको छ । नेपाली समाजमा विगत ७५ वर्षदेखि जरा गाडेर ठडिएका पुराना दलमाथि राजनीतिक वृत्तमा बिल्कुलै नचिनिएका एक जना युवाले मुलुकको राजधानीमा बोलेको सनसनीपूर्ण धावाबाट पुराना दल हतप्रभ हुनु स्वाभाविक पनि छ । राजधानीमा स्वतन्त्र मेयरलाई अत्यधिक मतले विजयी बनाएर महानगरवासीले परम्परागत राजनीतिक दलसँग एक प्रकारको विद्रोह गरेका छन् । काठमाडौँ महानगरवासीको राजनीतिक वितृष्णा र प्रतिक्रियाको संकेतलाई बढी , कम र अवसरका रूपमा बुझ्ने प्रवृत्ति पनि प्रकट भइरहेका छन् । सीमित स्वतन्त्र उम्मेदवारको विजय यात्रालाई कसैले दलीय प्रणालीले समाजमा स्थापित गरेको सिन्डिकेटको अन्त्य गरेको अतिशयोक्तिपूर्ण टिप्पणी गरेका छन् भने कसैले एकाध स्वतन्त्र उम्मेदवार विजयी हुँदैमा चल्तीका राजनीतिक दललाई केही फरक नपर्ने दाबी गरेका छन् ।

यहाँ व्याख्या गर्न खोजिएको विषयवस्तु न स्वतन्त्र उम्मेदवारको विजयलाई अतिशयोक्तिपूर्ण ढङ्गले आकाश चढाउनु हो , न त उनीहरूको विजयको कुनै राजनीतिक अर्थ नभएको भन्दै पातालतिर झार्नु हो । बरु स्थानीय तहमा केही स्वतन्त्र उम्मेदवारले प्राप्त गरेको विजयबाट उत्साहित हुँदै आगामी प्रदेश तथा संघीय संसद्को निर्वाचनमा स्वतन्त्र उम्मेदवारी घोषणाको बाढीले गरेको राजनीतिक संकेतलाई अलिकति उधिन्नु हो । साथै स्वतन्त्र उम्मेदवारको बाढीसँगै ' स्वतन्त्र ' बन्नु , ' स्वतन्त्र ' सञ्जालको निर्माण गर्नु र ' स्वतन्त्र ' दलको समेत रचना गर्नुले राजनीति , राजनीतिक दल र राजनीतिक नेतृत्वप्रति आजका युवाको बुझाइ र त्यसको कार्यान्वयनको पाटोमा समेत सङ्क्षिप्त चर्चा गर्नु हो ।

**' स्वतन्त्र ' र राजनीतिक अर्थ**

मानिसको वैयक्तिक विकास तथा कल्याणका लागि सकेसम्म राज्यको भूमिका प्रतिबन्धरहित हुनु नै स्वतन्त्रताको महत्वपूर्ण सैद्धान्तिक पक्ष हो । अर्थात् नागरिकको वैयक्तिक क्रियाकलापमा राज्यले कुनै प्रतिबन्ध नलगाओस् । यो अवधारणा स्वयं लोकतान्त्रिक राज्यको मौलिक अधिकारको अवधारणामध्ये एक हो । त्यसकारण ' स्वतन्त्र ' भन्ने पदावली लोकतान्त्रिक राज्यले नै व्यवस्था गरेको अवधारणा हो । यो कुनै नौलो र दलीय व्यवस्थाविरोधी अवधारणा हुँदै होइन । अझ यसलाई अर्को शब्दमा भन्ने हो भने लोकतन्त्रको विकास र विस्तारका लागि आम नागरिकको सहभागिता र सिर्जनालाई सुनिश्चित गर्न राज्यका औपचारिक संरचनाभन्दा बाहिरबाट गरिएको व्यवस्था हो । लोकतन्त्रको सङ्कुचनसँगै राज्यका औपचारिक अङ्गहरूले स्वतन्त्र र प्रभावकारी ढङ्गबाट काम गर्न सकेनन् भने लोकतन्त्र बचाउने र औपचारिक संरचनालाई लिकमा ल्याउने काम नागरिक तह र अनौपचारिक संरचनाले गर्दछन् । लोकतन्त्रमा संविधानले निर्दिष्ट गरेका संवैधानिक संस्था मात्र हुँदैनन् । कैयौँ यस्ता महत्वपूर्ण अघोषित लोकतान्त्रिक संस्था हुन्छन् , जसले लोकतन्त्रको रक्षा गरिरहेका हुन्छन् । लोकतन्त्रको संस्थागत चरित्र कमजोर रहेको हाम्रोजस्तो मुलुकमा यस्ता संस्था संवैधानिक संस्थाभन्दा अझ बढी विश्वसनीयसमेत मानिन्छन् । उदाहरणका लागि मानव अधिकार , महिला तथा लैङ्गिक अधिकार , लेखक , पत्रकार , व्यावसायिक सङ्गठन , नागरिक समाज आदि जस्ता स्वतन्त्र क्षेत्र पनि लोकतन्त्रका पक्षमा क्रियाशील भइरहेका हुन्छन् । राज्यका संवैधानिक संस्थाहरूले जनविश्वास र सन्तुलन गुमाउँदा यस्ता नागरिक संस्थाले राजनीतिक अवस्थालाई सत्ताबाहिरबाट नेतृत्व गरेका उदाहरण खोज्न बाहिर जान पर्दैन । हाम्रै मुलुकको लोकतान्त्रिक आन्दोलनको इतिहास स्मरण गरे मात्र पुग्छ ।

उल्लिखित अवधारणाको कसीमा ' स्वतन्त्र ' पदावली स्वयं लोकतान्त्रिक पद्धति र अधिकारले नै प्रदान गरेको विषय हो र राजनीतिक हस्तक्षेपको अर्थमा ' स्वतन्त्र ' व्यक्ति वा अभियान आफैँमा राजनीतिक अभियान हो । यो राजनीतिबाट पृथक् अवधारणा होइन । दलीय संरचनाभित्र राजनीतिक , शासकीय र सेवा प्रवाहको प्रक्रियामा नोकरशाहीतन्त्र हाबी भएको कसैले ठान्छ भने उसले स्वतन्त्र ढङ्गबाट निर्वाचित भएर उक्त काम गर्न सक्छ ।



**परिवर्तनका लागि सामाजिक आवश्यकताको आलोकमा प्राङ्गारिक विधिबाट नै नेता, नीति र कार्यक्रम पनि जन्मिनुपर्छ ।**

नेपालको संविधानले नै यस्तो व्यवस्था गरेको छ र वैयक्तिक स्वतन्त्रताको यस्तो संवैधानिक र राजनीतिक प्रावधानको व्यवस्था गर्ने पनि नेपालको लोकतान्त्रिक आन्दोलन र त्यसको नेतृत्व गरेका राजनीतिक दलहरू नै हुन् । लोकतन्त्रमा दलहरू असफल भएमा या त दलभित्रकै संघर्षबाट त्यसको सफलतालाई सुनिश्चित गर्छ वा समाजको आवश्यकतानुसार नयाँ दलको जन्म हुन्छ । त्यसैले लोकतान्त्रिक व्यवस्था र लोकतान्त्रिक दललाई ' स्व : नियमनकारी ' प्रणाली मानिन्छ ।

जसरी लोकतान्त्रिक व्यवस्था र यस व्यवस्थाका सञ्चालक दलहरू ' स्व : नियमनकारी ' मानिन्छ , ठीक त्यसैगरी मानिस विवेकशील प्राणी हो भन्ने मानेर मान्छे ' स्वतन्त्र ' हुन्छ । दल र व्यवस्था ' स्व : नियमनकारी ' भएनन् भने दलको मात्रै होइन व्यवस्थाकै सन्तुलन बिग्रिन्छ । त्यसले समाजमा असन्तुलन र असन्तुष्टि पैदा गर्छ । त्यसरी नै कुनै स्वतन्त्र मान्छे विवेकशील भएन भने उसको स्वतन्त्रता पनि समाजका लागि बाधक हुन्छ । त्यसकारण स्वतन्त्रता भनेको सामाजिक व्यवस्थासँग अन्तरसम्बन्धित नभएको ' स्वतन्त्र ' र राजनीतिसँग नजोडिएको 'अराजनीतिक' अवधारणा होइन । अत : ' स्वतन्त्र ' भने पनि यो लोकतान्त्रिक व्यवस्था र राजनीतिसँग अन्योन्याश्रित ढङ्गले जोडिएको अवधारणा हो ।

लोकतान्त्रिक शासनको सिद्धान्तले नै नागरिकलाई राजनीतिक, आर्थिक, सामाजिकलगायत विभिन्न सङ्गठन बनाउन पाउने स्वतन्त्रता सुनिश्चितता गरेको छ । यसै सैद्धान्तिक आलोकमा नेपालको संविधानले पनि व्यक्ति, सङ्गठन र सूचनाको स्वतन्त्रताको वकालत गरेको छ । त्यही अधिकार प्रयोग गरेर नेपालमा पनि राजनीतिक , सामाजिक , आर्थिकलगायत विभिन्न तहमा स्वतन्त्र सङ्गठनहरू खोलिएका छन् । राजनीतिक दल र विविध प्रकारका स्वतन्त्र सङ्गठनले पनि प्रभावकारी काम गर्न सक्दैनन् भन्ने ठानेमा कुनै पनि व्यक्ति कानुनबमोजिम स्वतन्त्र रूपमा राज्यका विभिन्न निकायमा चुनिएर काम गर्न सक्छ । यही प्रक्रियाबमोजिम नै हालै सम्पन्न भएको स्थानीय तह निर्वाचनमा केही स्वतन्त्र उम्मेदवारले विजय प्राप्त गरेका हुन् ।

**' स्वतन्त्र ' र दलीय परम्परा**

नेपालमा दलीय परम्पराको जन्म सत्ताको साधनका रूपमा होइन , संघर्षको साधनका रूपमा विकास भएको थियो । जसले गर्दा परम्परागत दलहरू सत्तामा पुगेपछि पनि दक्षता, पारदर्शिता र जवाफदेहिता अपनाउनेभन्दा एक अर्काको विरुद्धमा प्रतिक्रिया दर्शाउने प्रवृत्ति हाबी भयो । किनकि उनीहरूको पार्टी पाठशाला र संरचनाविरोधी सत्तालाई भत्काउने उद्देश्यका साथ निर्माण गरिएको थियो । आफैँले सत्ता सम्हालेपछि पनि दलहरूको उक्त चरित्र बदलिएन । त्यसैले नेपालका परम्परागत दलको संरचना नोकरशाही बन्न पुग्यो । यस्तो नोकरशाही संरचनाले कुनै पनि नयाँ व्यक्तिलाई दलमा प्रवेश गर्न र दलको माथिल्लो नेतृत्वदायी तहमा पुग्न निकै कठिनाइ उत्पन्न गरेको छ । जसका लागि हरेक दलका सबै पदमा सिधै प्रविष्ट गर्न पाउने प्रावधानको खाँचो छ । राष्ट्रिय पार्टी बनेका कुनै पनि दलमा साधारण सदस्य बनेपछि सिधै प्रविष्ट गर्न पाउने 'ल्याटरल इन्ट्री'को व्यवस्था छैन । त्यसकारण , आजको शिक्षित युवा जमातले परम्परागत दलको सदस्यता लिन , नेतृत्व गर्न र विकासको राजनीतिक एजेन्डा लागू गर्न ठूलो अभिरुचि देखाएको छैन । बरु स्वतन्त्र बनेर वा कुनै नयाँ दल बनाएर मात्र राजनीतिमा अगाडि बढ्न सकिन्छ कि भन्ने सोचमा पुगेको छ । परम्परागत दलहरूले आफ्नो दलीय संरचनालाई स्वःनियमनकारी नबनाउनुको कारणले नै आजको अवस्था सिर्जना भएको हो ।

परम्परागत राजनीतिक दलको संरचनागत संकुचन र नोकरशाही प्रवृत्तिले युवा , सूचना र प्रविधिलाई समयानुकूल समेट्न सकेको छैन । जसले गर्दा शिक्षित युवा वर्गमा उनीहरूप्रति आकर्षण पनि कम छ । यही कारणले युवा ' स्वतन्त्र ' हुनु भनेको राजनीतिबाट नै स्वतन्त्र हुनु भनेको होइन । आजको अधिकांश युवा जमातले ' स्वतन्त्र ' हुनु भनेको मुलुकको राजनीतिक विचारधारा , आन्दोलन , संरचना , इतिहास , सामाजिक सम्बन्ध आदिसँग निरपेक्ष रहेर स्वतन्त्रताको वकालत गर्छ ।
स्वयं युवाको सहभागिता , आधुनिक विकास , वातावरण संरक्षण , सम्पदा संरक्षण , शिक्षा , स्वास्थ्य , सामाजिक न्याय आदिजस्ता मुद्दा राजनीतिक दृष्टिकोणको साथ जोडिएर समाधान गरिनुपर्ने मुद्दा हुन् । व्यक्ति 'स्वतन्त्र' हुनु भनेको आजको राजनीतिक नेतृत्व र संरचनाले समेत समाधान दिन नसकेको राजनीतिलाई अझ दह्रो र जिम्मेवारीपूर्वक समात्नु भनेको हो । राजनीतिप्रति नै वितृष्णा जगाउनु भनेको होइन । राजनीति , राजनीतिक दल र राजनीतिक संरचनाप्रतिको घृणा होइन , त्यसप्रतिको रूपान्तरणलाई तीव्र पार्ने उत्प्रेरकको काम गरेको मात्र हो । त्यसैले परम्परागत दलको नीति, नेतृत्व र संरचनाप्रतिको असन्तुष्टि जानेर वा नजानेर राजनीतिप्रतिको असन्तुष्टिका रूपमा अभिव्यक्त हुनु नितान्त गलत हो ।

अर्कोतिर , दलीय आधारमा प्रतिस्पर्धा गर्नुपर्ने हाम्रो निर्वाचन प्रणालीको कारणले गर्दा पनि स्थानीय तहमा ' स्वतन्त्र ' उम्मेदवार बन्न धेरै युवामा रुचि जागेको हो । छिमेकी भारतलगायत कैयौँ लोकतान्त्रिक मुलुकमा स्थानीय तह निर्वाचन दलीय आधारमा हुँदैन । किनकि स्थानीय तह भनेको नीति निर्माण गर्ने थलोभन्दा स्थानीय विकास निर्माण , सेवाप्रवाह , स्थानीय स्रोतको प्रवर्द्धन र परिचालन गर्ने थलो हो । यसलाई दलीय आधारमा प्रतिस्पर्धा गर्नुपर्ने संवैधानिक व्यवस्थाले स्थानीय तहमा अधिक राजनीतीकरण हुन पुग्यो । जसले गर्दा सेवा प्रवाह प्रभावित मात्र भएन नागरिकमा राजनीतिप्रति असन्तोष र वितृष्णाभाव देखाप-यो । यसले एकातिर स्थानीय तहका भ्रष्टाचारीलाई दलीय पक्षधरता र आग्रहले दण्डहीन बनायो भने अर्कोतिर स्थानीय ठेक्कापट्टामा दलीयकरण हुन गई व्यापक असन्तुष्टिको वातावरण उन्पन्न ग-यो । यस्तो असन्तुष्टिबाट पनि स्थानीय तहमा स्वतन्त्र उम्मेदवार बन्ने उत्प्रेरणा जाग्यो ।

**' स्वतन्त्र ' र राजनीतिक अवसर**

अहिले ' स्वतन्त्र ' को राजनीतिक बजार चल्ने स्थिति देखिएपछि राजनीतिक अवसरको खोजीमा रहेका व्यक्ति , समूह र समाजमा ' स्वतन्त्र ' पदावलीको चर्चा चुलिएर गएको छ । कुनै पनि मुलुकको राजनीतिक , सामाजिक , आर्थिक , धार्मिक आदि जस्ता विषयको विकासमा एउटा सुदीर्घ परम्परा रहिआएको हुन्छ । यस्तो परम्पराले मानिसले बुझे पनि र नबुझे पनि राजनीति , समाज , व्यवसाय , रीतिरिवाज आदि कुरा एउटा निश्चित संस्कृतिसँग डोहोरिरहेको हुन्छ । यहाँ चर्चा गर्न खोजिएको विषय राजनीति हुनाले अन्य विषय थाती राखेर राजनीतिक परम्पराको मनोविज्ञानमा मात्र केन्द्रित रहेर सामान्य चर्चा गरिनेछ । राजनीतिप्रतिको रुचि , सेवाभाव , महत्वाकांक्षा , बाध्यता , परिस्थिति , लहड , रहर आदि जुनसुकै कारणबाट पनि कुनै व्यक्ति राजनीतिमा जोडिन सक्छ । राजनीतिमा जोडिनका लागि व्यक्तिको इच्छाले मात्र काम गरिरहेको हुँदैन , उसको इच्छा साकार पार्ने अनुकूल वस्तुगत वातावरण पनि खोजिरहेको हुन्छ । त्यस्तो राजनीतिक वातावरण मिलेको उसलाई लागेमा उक्त व्यक्तिले स्वतन्त्र , नयाँ दल वा मौजुदा दलमार्फत राजनीतिमा जोडिनु स्वाभाविक हुन्छ । स्थानीय तहमा केही स्वतन्त्र उम्मेदवारले विजय हासिल गरेपछि आगामी प्रदेश र संघीय संसद्का लागि ' स्वतन्त्र ' उम्मेदवारी दिनेहरूको बाढी आउन थाल्नु यसैको संकेत हो । त्यति मात्र होइन , कतिपय व्यक्तिले आफू संलग्न रहेको दल त्याग गरेर ' स्वतन्त्र ' उम्मेदवार हुनु र कतिपयले स्वतन्त्र सञ्जाल तथा स्वतन्त्र दल निर्माण गर्नु ' स्वतन्त्र ' को राजनीतिक अवसर निर्माण भएको ठान्नु हो ।

तर ' स्वतन्त्र ' को राजनीतिक अवसर निर्माण भएको ठानेर प्रदेश र सङ्घीय निर्वाचनमा स्वतन्त्र उम्मेदवार बन्न खोज्नु राजनीतिक रूपले प्रभावकारी कदम ठहरिने सम्भावना छैन । र , कदाचित उक्त स्वतन्त्र व्यक्तिले विजय प्राप्त गरे पनि त्यसको राजनीतिक मूल्य अर्थपूर्ण हुनेछैन । किनकि प्रदेश र संघीय संसद् भनेका नीति निर्माण गर्ने थलोका साथै बहुमतको आधारमा सरकार निर्माण गर्ने दायित्वसमेत रहेका संस्था हुन् । प्रदेश र संघीय तहमा दलगत विचार, नीति र कार्यक्रमका आधारमा विधेयक तयार हुन्छन् । दलगत विचार, नीति र कार्यक्रमका आधारमा सरकार बन्छ । सरकारको आर्थिक नीति तथा कार्यक्रमअनुसार बजेट विनियोजन हुन्छ । एउटा स्वतन्त्र सांसदले आफ्नो नितान्त व्यक्तिगत धारणा राख्नुबाहेक नीतिगत र सरकार निर्माणमा उसको भूमिका तटस्थ वा कुनै दलको पिछलग्गु मात्र बन्न पुग्छ ।

त्यसैकारण दलीय प्रणालीको संसद्मा राजनीतिक दलबिनाको स्वतन्त्र सांसदले कुनै प्रभावकारी भूमिका खेल्न सक्दैन । संसदीय प्रणालीमा दलीय हस्तक्षेपबिना राजनीतिक, आर्थिक र नीतिगत सुधार गर्न सकिँदैन । नयाँ राजनीतिक दलको निर्माण वा मौजुदा दलको माध्यमद्वारा नै चाहेको परिवर्तन गर्नुपर्ने हुन्छ । नयाँ दल निर्माणको वस्तुगत आधार व्यक्तिको आवश्यकताले होइन, समाजको आवश्यकताले निर्धारण गर्छ । नेपालमा नयाँ दलको निर्माणमा सबैभन्दा टड्कारो समस्याको विषय यही हो । अमूक क्षेत्रमा व्यावसायिक नाम कमाएको कुनै व्यक्तिले समाजको भन्दा पनि आफ्नो रुचि र आवश्यकताको संयोजन गरेर दलको घोषणा गर्दछ । र, कुनै राजनीतिक, आर्थिक र सामाजिक आन्दोलनबिना समाजको राजनीतिक असन्तुष्टिको आडमा राजनीतिक अवसरका लागि अगाडि आउने व्यक्ति वा समूहको सामाजिक मूल्यले ( भएको वा नभएको ) समाजमा एउटा गजबको मनोविज्ञान उत्पन्न गरिरहेको हुन्छ । जसलाई सरल भाषामा आम नागरिकको मनोभावना भनेर बुझ्न सकिन्छ । मात्र यही क्षणिक मनोभावनालाई समात्ने रहरमा दल निर्माणको कठिन र ' इनडक्टिभ ' बाटोलाई उसले अस्वीकार गरिरहेको हुन्छ । कुनै राजनीतिक विचार , कार्यक्रम र संरचनाबिना राजनीतिमा आउने व्यक्ति वा समूहको कुनै गन्तव्य हुँदैन तर उसको पछाडि लाग्ने सानो वा ठूलो भीडले उसलाई अप्रत्यासित रूपमा नेता बनाइसकेको हुन्छ ।

र , उसले आफ्नो नितान्त निजी राजनीतिक यात्राको स्वतन्त्रतालाई मुलुक र समाजको आवश्यकतासँग जोडेर व्याख्या गर्न थाल्छ । यहीँबाट मनोगत व्यक्तिवादको जन्म हुन्छ र उसको पछाडि लागेको जमातले उसलाई यसरी धकेल्छ कि नचाहेर पनि अगाडि बढ्नैपर्ने बाध्यता उत्पन्न हुन्छ । आफैँले थाहा नपाएको गन्तव्य थाहा पाएको अभिनय गर्नुपर्ने हुन्छ । भीडले उसलाई यसरी देवत्वकरण गर्छ कि अज्ञानी बन्ने छुटसमेत दिँदैन । नयाँ मात्र होइन , परम्परागत दलहरूसमेत यही रोगबाट ग्रसित भइरहेका छन् ।

अतः परम्परागत राजनीतिले जनतामा उत्पन्न गरेको निराशा, असन्तोष र प्रतिक्रियाबाट जन्मिएको क्षणिक उत्तेजनाबाट उत्पन्न हुने स्वतन्त्र व्यक्ति वा दल समाजमा जरा गाडेर हुर्किन सक्दैन । जसरी घडीले समय त दिन्छ, तर घडी स्वयं समय भने होइन । ठीक त्यसरी नै दल बन्नु वा कोही व्यक्ति नेता बन्नु आफैँ परिवर्तन हुनु होइन । परिवर्तनका लागि सामाजिक आवश्यकताको आलोकमा प्राङ्गारिक विधिबाट नै नेता, नीति र कार्यक्रम पनि जन्मिनुपर्छ । आजको युगमा समावेशी र सहभागितामूलक लोकतान्त्रिक विधिद्वारा लोकतन्त्रलाई फराकिलो तुल्याउने राजनीतिक दल चाहिन्छ । दुर्भाग्य, आज निर्माणाधीन दलका पात्र र प्रवृत्तिले लोकतन्त्रलाई फराकिलो पार्नुभन्दा संकुचित पार्न रुचि लिइरहेका छन् । यदि त्यसो हो भने ठिङ्ग उभिनु मात्र पनि बिनाअर्थ दौडनुभन्दा उत्तम हुनेछ ।




# शिवसताक्षी गतिविधि

## यी हुन् शिवसताक्षीका नवनिर्वाचित जनप्रतिनिधिहरु



*शिवसताक्षी (प्रस)* । शिवसताक्षी नगरपालिकाले नयाँ नेतृत्व पाएको छ । गत बैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनबाट अरु पालिकासंगै शिवसताक्षी नगरपालिकाले पनि नयाँ नेतृत्व पाएको हो ।

शिवसताक्षी नगरपालिकाको नगर प्रमुख पदमा नेकपा एमालेका मेघहाङ थोप्रा (रोशन) विजयी भएका छन् ।

गठबन्धन तर्फका नेपाली कांग्रेसका पर्शुराम ढुंगानालाई भारी मतान्तरले हराउँदै थोप्रा विजयी भएका हुन् । त्यस्तै उपप्रमुखमा नेकपा एमालेकी नरमाया कार्की विजयी भएकी छिन् । गठबन्धन तर्फका नेकपा माओवादी केन्द्रका महेन्द्र भट्टराईलाई पराजित गर्दै कार्की विजयी भएकी हुन् । नगर प्रमुख पदमा विजयी थोप्राले १६ हजार ४९८ मत प्राप्त गरेका छन् भने उनका निकटतम् प्रतिद्वन्द्वी गठबन्धनका नेपाली कांग्रेसका ढुंगानाले १३ हजार ५० मत प्राप्त गरेका छन् । त्यसैगरी उपप्रमुखमा विजयी कार्कीले १४ हजार १५५ मत प्राप्त गरेकी छिन् भने उनका निकटतम् प्रतिद्वन्द्वी भट्टराईले ९ हजार ५२५ मत प्राप्त गरेका छन् ।

शिवसताक्षी नगरपालिकाको वडा नं. १, ४, ५, १० र ११ नेकपा एमालेको प्यानलै विजयी भएको छ । वडा नं. १ मा नेकपा एमाले वडाध्यक्ष लक्ष्मीप्रसाद चेम्जोङसहित प्यानलै विजयी भएको हो । वडा नं. २ को वडाध्यक्षमा नेकपा माओवादी केन्द्रका भिम नेम्वाङ विजयी भएका छन् भने सदस्यहरुमा नेकपा एमालेका सबै विजयी भएका छन् । त्यस्तै वडा नं. ३ मा वडाध्यक्षमा नेपाली कांग्रेसका भाष्कर न्यौपाने र दुई वडा सदस्य तथा नेकपा एमालेबाट दुई सदस्य निर्वाचित भएका छन् । त्यस्तै वडा नं. ६ मा नेपाली कांग्रेसका वडाध्यक्ष मनोज खुलाल कार्की र एक सदस्य तथा नेकपा एमालेबाट तीन सदस्य विजयी भएका छन् ।

वडा नं. ७ नेपाली कांग्रेसका वडाध्यक्ष भवानीविक्रम चेम्जोङ्ग लिम्बूसहित २ सदस्य र नेकपा एमालेका दुई सदस्य विजयी भएका छन् । वडा नं. ८ नेपाली कांग्रेसका वडाध्यक्ष सन्त फेउदिनसहित प्यानलै विजयी भएको छ । त्यस्तै वडा नं. ९ नेपाली कांग्रेसका वडाध्यक्ष डिल्लीलाल फेम्बू र नेकपा एमालेका ४ सदस्यहरु विजयी भएका छन् । वडा नं. १० मा नेकपा एमाले वडाध्यक्ष हर्कबहादुर सिगुसहित प्यानलै विजयी भएको छ । वडा नं. ११ मा नेकपा एमाले वडाध्यक्ष बहादुर आङ्बोसहित प्यानलै विजयी भएका छन् ।

## शिवसताक्षी नगरपालिकाको नीति तथा कार्यक्रम




*शिवसताक्षी (प्रस)* । शिवसताक्षी नगरपालिकामा आ.व. २०७९/०८० का लागि नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ । नगरकार्यपालिकाले कार्यालयमा दशौं नगरसभाको उद्घाटन गर्दै आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम प्रस्तुत गरिएको हो ।

नीति तथा कार्यक्रममा आगामी वर्षमा कृषि, शिक्षा, स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखिएको छ। शिवसताक्षी नगरबासी कृषिमा पेशामा धेरै भएको पनि नगरले आगामी बजेटमा कृषिलाई विशेष ध्यान दिएको पाएको छ ।

नगरको दुई स्थान शिवगञ्ज र झिलझिलेमा कृषि उपज संकलन, विक्री कक्षा तथा भण्डार केन्द्र निर्माण गरी सञ्चालनको लागि अनुदानको व्यवस्था गरिने नीति तथा कार्यक्रममा समेटिएको छ । आमा र माटोको सुधार, प्राङ्गारिक मलको प्रयोग, अर्ग्यानिक खेतीलाई प्रोत्साहन र सहयोग गर्ने तथा बढी विषादी प्रयोग गर्नेलाई निरुसाहित गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ । विदेशबाट फर्किएका व्यक्तिहरु तथा बेरोजगार युवाहरुलाई कृषि तथा पशु उद्यमप्रति प्रोत्साहन गर्न बैंक तथा सहकारी संस्थाहरुबाट न्यून व्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था मिलाइने छ । त्यस्तै सिंचित क्षेत्रको विस्तार गरी उत्पादन बृद्धि गर्ने उद्देश्यले साना सिंचाई मोटर जडान कार्यक्रम सञ्चालन गरिने छ ।

त्यसैगरी शिक्षा क्षेत्रलाई पनि आगामी वर्षको लागि विशेष प्याकेजद्वारा विद्यालयको शैक्षिक सुधार गर्ने समेत नीति तथा कार्यक्रममा समेटिएको छ । गएको पाँच वर्षमा भन्दा केही फरक तरिकाले शिक्षाका लागि स्मार्ट विद्यालय कार्यक्रम लागु गर्दै वर्षेनि छनोट परेका विद्यालयहरुलाई शिक्षाको गुणस्तर र विद्यालयमा विद्यार्थीलाई पढ्ने वातावरणमा निर्माण गर्न शिवसताक्षीका नगरप्रमुख मेगाहाङ थोप्राले जानकारी दिए ।

त्यसका लागि नगरले नीति तथा कार्यक्रममा नै समेटिएको उनको भनाई थियो । नगरका सबै विद्यालयहरुलाई एकरुपता दिँदै एउटै कलरको रंगरोगन गर्ने, विद्यालय पूर्वाधारलाई बाल मैत्री बनाइने, शिक्षण सिकाई प्रकृयालाई सूचना तथा संचार प्रविधिको उच्चतम प्रयोग र प्रभावकारिता बनाइनेलगायतका योजनाहरु नीति कार्यक्रममा समेटिएको नगरप्रमुख थोप्राको भनाई थियो ।

नगरभित्रको स्वास्थ्य क्षेत्रको सुधार गर्दै नगरबासीका लागि शिवगञ्जमा १५ शैय्याको आधारभूत अस्पताल निर्माण कार्यलाई निरन्तरता दिई आगामी आर्थिक वर्षमा निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा लाइने नीति तथा कार्यक्रम प्रस्तुतका क्रममा नगर उपप्रमुख नरमाया कार्कीले बताइन् ।

दीर्घ रोगबाट पीडित भएका नगरबासीका लागि क्यान्सर, मुटु, मिर्गौला रोगीहरुलाई उपचारमा सहयोग मासिक ५ हजारका दरले उपलब्ध गराउने, सबै बालबालिकाको लागि खोपको सुनिश्चितता भई नगरलाई पूर्ण खोप सुनिश्चितताको रुपमा घोषणा गरिने नगर उपप्रमुख कार्कीको भनाई थियो ।

आगामी वर्षको नीति तथा कार्यक्रम प्रस्तुत भइसकेपछि वडाध्यक्ष तथा वडा सदस्यहरुले केही बुँदाहरु परिमार्जित गर्नु पर्ने सुझाव राखेका थिए । उक्त सुझावहरुलाई छलफलमा ल्याएर ६ गतेभित्रमा पूर्ण बजेटसँगै प्रस्तुत गर्ने नगर प्रमुख थोप्राले जानकारी दिए। नीति तथा कार्यक्रममा समेटिएका कतिपय बुँदाहरुलाई परिमार्जन कानुनी आधार नरहेको भन्दै कार्यक्रम अधिकृत प्रकाश चौधरी र लेखा अधिकृत प्रकाश योङहाङले कानूनी आधारका बारेमा प्रस्ट् याएका थिए ।

## शिवसताक्षीमा निर्वाचित जनप्रतिनिधिहरुले प्राप्त गरेको मत

| विजेताको नाम | पद | पालिका | राजनीतिक दल | पाएको मत |
|---|---|---|---|---|
| **मेगाहाङ्ग थोप्रा** | **नगर प्रमुख** | **शिवसताक्षी न.पा.** | **एमाले** | **१६४९८** |
| **नरमाया कार्की** | **उपप्रमुख** | **शिवसताक्षी न.पा.** | **एमाले** | **१४१५५** |
| लक्ष्मीप्रसाद चेम्जोङ | वडाध्यक्ष | शिवसताक्षी-१ | एमाले | ९४८ |
| नारायणप्रसाद रिजाल | सदस्य | शिवसताक्षी-१ | एमाले | १११० |
| पुर्णजंग चेम्जोङ | सदस्य | शिवसताक्षी-१ | एमाले | १०२९ |
| उमा माझी | महिला सदस्य | शिवसताक्षी-१ | एमाले | १११९ |
| निर्मला पौडेल | द.महिला सदस्य | शिवसताक्षी-१ | एमाले | ११२९ |
| भोज कुमार ढकाल | सदस्य | शिवसताक्षी-२ | एमाले | १०२० |
| दुर्गा देवी बुढाथोकी | महिला सदस्य | शिवसताक्षी-२ | एमाले | ११२० |
| धन कुमारी तिवारी | द.महिला सदस्य | शिवसताक्षी-२ | एमाले | ११२४ |
| भाष्कर न्यौपाने | वडाध्यक्ष | शिवसताक्षी-३ | काँग्रेस | ११२९ |
| शंखर राई | सदस्य | शिवसताक्षी-३ | काँग्रेस | ९६० |
| लासाङदोर्जे तामाङ | सदस्य | शिवसताक्षी-३ | एमाले | ९१९ |
| मुनाकुमारी तामाङ | महिला सदस्य | शिवसताक्षी-३ | एमाले | १००६ |
| तिर्थ दर्जी | द.महिला सदस्य | शिवसताक्षी-३ | एमाले | ९६४ |
| विष्णुप्रसाद प्रसाई | वडाध्यक्ष | शिवसताक्षी-४ | एमाले | १७३९ |
| देवीप्रसाद तिवारी | सदस्य | शिवसताक्षी-४ | एमाले | १३५७ |
| सुमनलाल साहु | सदस्य | शिवसताक्षी-४ | एमाले | १२३६ |
| चन्द्रवती ताजपुरिया | महिला सदस्य | शिवसताक्षी-४ | एमाले | १५६८ |
| कृष्णकुमारी परियार | द.महिला सदस्य | शिवसताक्षी-४ | एमाले | १५४२ |
| सिकिन पासवान | वडाध्यक्ष | शिवसताक्षी-५ | एमाले | १३१६ |
| पुर्णप्रसाद ताजपुरीया | सदस्य | शिवसताक्षी-५ | एमाले | १०४८ |
| विमलकुमार न्यौपाने | सदस्य | शिवसताक्षी-५ | एमाले | १००७ |
| यसोदा विमली | महिला सदस्य | शिवसताक्षी-५ | एमाले | ११३२ |
| रिमा कुमारी विश्वकर्मा | द.महिला सदस्य | शिवसताक्षी-५ | एमाले | १२१५ |
| लक्ष्मी प्रसाद चेम्जोङ्ग | वडाध्यक्ष | शिवसताक्षी-६ | एमाले | ९४८ |
| गंगा ताजपुरिया | सदस्य | शिवसताक्षी-६ | एमाले | ९६१ |
| नरेन्द्र वस्नेत | सदस्य | शिवसताक्षी-६ | काँग्रेस | ९५८ |
| गोमा रिजाल | महिला सदस्य | शिवसताक्षी-६ | एमाले | ११८८ |
| गिता दर्जी | द.महिला सदस्य | शिवसताक्षी-६ | एमाले | १०३४ |
| भवानीविक्रम चेम्जोङ लिम्वु | वडाध्यक्ष | शिवसताक्षी-७ | काँग्रेस | १४०४ |
| विजुलप्रसाद लिम्बु | सदस्य | शिवसताक्षी-७ | एमाले | १४६४ |
| सुरेशप्रसाद राजवंशी | सदस्य | शिवसताक्षी-७ | काँग्रेस | १४५६ |
| इन्द्रकुमारी श्रेष्ठ | महिला सदस्य | शिवसताक्षी-७ | एमाले | १४५८ |
| पुजा नेपाली | द.महिला सदस्य | शिवसताक्षी-७ | काँग्रेस | १४८१ |
| सन्तकुमार फेवदिन | वडाध्यक्ष | शिवसताक्षी-८ | काँग्रेस | २१५९ |
| विवेक थिङ्ग दोर्जे | सदस्य | शिवसताक्षी-८ | काँग्रेस | १९२१ |
| ज्ञानप्रसाद लुइटेल | सदस्य | शिवसताक्षी-८ | काँग्रेस | १८६० |
| रिता लामा | महिला सदस्य | शिवसताक्षी-८ | काँग्रेस | १९२३ |
| टीकामाया विश्वकर्मा | द.महिला सदस्य | शिवसताक्षी-८ | काँग्रेस | २००० |
| डिल्लीलाल फेम्बु | वडाध्यक्ष | शिवसताक्षी-९ | काँग्रेस | १६१७ |
| दल बहादुर योङहाङ | सदस्य | शिवसताक्षी-९ | एमाले | १५२० |
| झगरसिंह अधिकारी | सदस्य | शिवसताक्षी-९ | एमाले | १४९८ |
| रुका ढकाल | महिला सदस्य | शिवसताक्षी-९ | एमाले | १६२० |
| रञ्जना कार्की | द.महिला सदस्य | शिवसताक्षी-९ | एमाले | १६०८ |
| हर्कबहादुर सिंगु | वडाध्यक्ष | शिवसताक्षी-१० | एमाले | १७९८ |
| दिपक कुमार पोखेल | सदस्य | शिवसताक्षी-१० | एमाले | १४६९ |
| मातृका प्रसाद कोइराला | सदस्य | शिवसताक्षी-१० | एमाले | १४५८ |
| कोपिला मैनाली (चिमरिया) | महिला सदस्य | शिवसताक्षी-१० | एमाले | १७०८ |
| मंगली देवी विश्वकर्मा | द.महिला सदस्य | शिवसताक्षी-१० | एमाले | १६३० |
| बहादुर आङ्वो | वडाध्यक्ष | शिवसताक्षी-११ | एमाले | २०८३ |
| प्रेमलाल भुजेल | सदस्य | शिवसताक्षी-११ | एमाले | २०२१ |
| पर्शुराम अधिकारी | सदस्य | शिवसताक्षी-११ | एमाले | १९५७ |
| एलिना राई | महिला सदस्य | शिवसताक्षी-११ | एमाले | २०६५ |
| जुनु नेपाली (दर्जी) | द.महिला सदस्य | शिवसताक्षी-११ | एमाले | २०८३ |

## आजको राशिफल

**मेष** – इच्छा र आकांक्षा पूर्ण होला । पठनपाठनमा प्रगति हुनेछ ।

**वृष** – चिताएको कामले तीव्रता लिनेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** – मित्रबाट सहयोग मिल्नेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**कर्कट** – आज महत्वपूर्ण अवसर गुम्न सक्छ। आफन्तको सल्लाह लिनुनै उचित हुनेछ।

**सिंह** – साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । प्रेम सम्बन्ध पनि ठिकै हुनेछ ।

**कन्या** – आज आकस्मिक धन लाभ हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।।

**तुला** – शुभकार्यको चर्चा चल्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समय छ ।

**वृश्चिक** – आज शुभ समाचार सुन्न पाइएला । प्यारो साथीसँग भेट हुनेछ ।

**धनु** – अरुलाई प्रभावित पारेर काम बन्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ ।

**मकर** – नयाँ कार्यको थालनी हुनेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् ।

**कुम्भ** – आज प्रतिष्ठित काम सुरु गर्ने मौका छ । पराक्रम र उत्साह बढ्नेछ ।

**मिन** – अरुको भर पर्दा धोका पाइनसक्छ । राजनैतिक कार्यमा बाधा आउनेछ ।